**नेपाल बिधुत प्राधिकरण**
चन्द्रनिगाहपुर बितरण केन्द्रको

अनुरोध

- विधुत चोरी नगरौं, विद्युत चोरीगर्नु कानुनी समाजिक अपराध हो ।
- विद्युत महसुल अनलाइनबाट तिरी समय पैसाको बचत गरौं ।
- विद्युत महसुल समयमा तिरौं थप जरिवानाबाट बचौं ।

HIGHWAY NEWS Daily
जि.प्रशा.का.रौ. दर्ता नं.:– ५४/०७०
हाइवे न्यूज दैनिक
“समावेशी आवाज सन्तुलित समाचार, पाठंङ्गो सन्तुष्टि हाम्रो आधार”
मूल्य . ५/-
वर्ष १४ अंक २३ पृष्ठ ४ २०८३ जेठ २८ गते बिहिबार

# डिभिजन वन अधिकृत हेमन्त प्रसाद साहको सक्रियताले रौतहटका वन क्षेत्रमा सुधार, तस्करी र अतिक्रमण नियन्त्रणमा उल्लेखनीय सफलता

हाईवे न्युज सम्वाददाता
जेठ २७, रौतहट

रौतहट जिल्लाका वन क्षेत्रको अवस्था पछिल्ला केही वर्षयता उल्लेखनीय रूपमा सुधारोन्मुख बन्दै गएको पाइएको छ। वन क्षेत्रमा हुने चोरी कटानी, तस्करी तथा अतिक्रमणजस्ता गतिविधि नियन्त्रणमा आउन थालेपछि स्थानीयवासीहरूले वन व्यवस्थापनप्रति सकारात्मक प्रतिक्रिया दिन थालेका छन्।

डिभिजन वन कार्यालय रौतहटका प्रमुख डिभिजन वन अधिकृत हेमन्त प्रसाद साहले जिम्मेवारी सम्हालेपछि वन संरक्षण तथा व्यवस्थापनमा कडाइ गरिएको स्थानीयवासीहरूको भनाइ छ। विगतमा वन क्षेत्रमा व्यापक रूपमा हुने गरेको अवैध फडानी, काठ तस्करी तथा वन अतिक्रमणका घटनालाई नियन्त्रण गर्न वन कार्यालय सक्रिय रूपमा लागेको देखिएको छ ।

वन अधिकृत साहले वन क्षेत्रको वास्तविक अवस्था बुझ्दै चोरी कटानी, वन विनाश तथा तस्करी नियन्त्रणका लागि विशेष अभियान सञ्चालन गरेका छन्। उनी स्वयं वन क्षेत्रको अनुगमन तथा निरीक्षणमा पुग्ने गरेका छन् भने वनसाग सम्बन्धित सम्पूर्ण साझेदार निकायलाई समेत जिम्मेवार बनाउने प्रयास गरिरहेका छन्। सञ्चारकर्मीसंगको कुराकानीमा डिभिजन वन अधिकृत साहले आफूले जिम्मेवारी सम्हालेपछि कुनै पनि राजनीतिक दबाब वा बिचौलियाको प्रभावमा नपरी कानुनअनुसार काम गर्दै आएको बताएका छन्। “हामी जनता र जंगल दुवैको हितलाई केन्द्रमा राखेर काम गरिरहेका छौं। वन क्षेत्रको संरक्षण, व्यवस्थापन र सुरक्षामा हाम्रो सम्पूर्ण टोली दिन रात खटिएको छ,” उनले भने।




उनका अनुसार वन कर्मचारीहरूलाई इमान्दारितापूर्वक जिम्मेवारी निर्वाह गर्न निर्देशन दिइएको छ भने नियमित गस्ती परिचालन गरी वन पैदावार चोरी निकासी रोक्ने काम भइरहेको छ। वन क्षेत्रमा हुने अवैध गतिविधिमाथि निगरानी बढाइएकाले पहिलेको तुलनामा चोरी तथा तस्करीका घटना उल्लेखनीय रूपमा घटेको दाबी गरिएको छ।डिभिजन वन कार्यालयले वन अतिक्रमण नियन्त्रणलाई समेत प्राथमिकतामा राखेको छ। कार्यालयका अनुसार विगत दुई वर्षको अवधिमा जिल्लाका विभिन्न वन क्षेत्रमा रहेका अतिक्रमित जग्गा तथा अवैध रूपमा निर्माण गरिएका घर-टहरा हटाउने कार्य प्रभावकारी रूपमा सम्पन्न गरिएको छ ।

वन अधिकृत साहले आफू र आफनो टोलीले अतिक्रमण भएका क्षेत्रहरू खाली गराउनुका साथै वन पुनर्स्थापनाको अभियानलाई समेत तीव्रता दिएको बताए । कटान तथा विनाश भएका वन क्षेत्रमा विभिन्न प्रजातिका बिरुवा रोप्ने, प्राकृतिक रूपमा उम्रिएका बिरुवाको संरक्षण गर्ने तथा नियमित रेखदेखको व्यवस्था मिलाइएको उनको भनाइ छ ।

वन संरक्षण अभियान अन्तर्गत कार्यालयले अतिक्रमणकारी विरुद्ध कानुनी कारबाहीलाई पनि निरन्तरता दिएको छ। सोही क्रममा २०८१ साल चैत २४ गते वन अतिक्रमण गरेको आरोपमा वृन्दावन नगर पालिका-४ हरैया निवासी बिल्टु राय यादवलाई पक्राउ गरिएको थियो।




डिभिजन वन कार्यालय रौतहट अन्तर्गत रहेको वृन्दावन सब-डिभिजन वन कार्यालय बल्लरीको गस्ती टोलीले उनलाई खयरघारी वन क्षोत्रमा अतिक्रमणका लागि वन फडानी गरिरहेको अवस्थामा नियन्त्रणमा लिएको जनाएको थियो। आरोप अनुसार यादवले वृन्दावन नगरपालिका-१ स्थित खयरघारी वन क्षेत्रभित्र करिब ०.५ कठ्ठा क्षेत्रफलमा रहेको झाडी तथा बुट्यान खुकुरी प्रयोग गरी फाडेर वन अतिक्रमण गर्ने प्रयास गरेका थिए ।




वन कार्यालयका अनुसार पछिल्लो समय वन गस्ती टोलीलाई अझ व्यवस्थित, चुस्त र प्रभावकारी बनाइएको छ । करिब डेढ दशकयताकै सबैभन्दा सक्रिय रूपमा वन गस्ती परिचालन गरिएको दाबी गरिएको छ। यसका कारण विगतमा व्यापक रूपमा हुने गरेको वन पैदावार चोरी निकासीमा ठूलो नियन्त्रण कायम भएको वन कार्यालयको भनाइ छ ।

स्थानीयवासीहरूका अनुसार अहिले पनि कतिपय स्थानमा छिटफुट रूपमा वन पैदावार चोरीका प्रयास हुने गरे पनि गस्ती टोलीले समयमै निगरानी र नियन्त्रण गर्ने गरेका कारण ती गतिविधि सफल हुन सकेका छैनन्।

गरुडा नगरपालिका निवासी अन्होती गुप्ताले डिभिजन वन अधिकृत हेमन्त प्रसाद साहको कार्यशैलीको प्रशंसा गर्दै रौतहटमा हालसम्म यति कडा, निष्पक्ष र सक्रिय वन अधिकृत नआएको प्रतिक्रिया दिएका छन् । उनका अनुसार वन संरक्षण, अतिक्रमण नियन्त्रण तथा वन व्यवस्थापनमा देखिएको सुधारले स्थानीयवासीहरूमा वन कार्यालयप्रति विश्वास बढाएको छ। वन क्षेत्र संरक्षण, अवैध गतिविधि नियन्त्रण तथा वृक्षारोपण अभियानलाई निरन्तरता दिइएमा रौतहटका वन क्षेत्र आगामी वर्षहरूमा अझ समृद्ध र सुरक्षित बन्न सक्ने अपेक्षा स्थानीयवासीहरूले गरेका छन्।

प्रकाशक/ प्रबन्ध निर्देशक :- मनोज कुमार शाह ९८५५०४१११११
सम्पादक :- रमेश तिमलसिना
बजार व्यवस्थापक : मन्जु मान्नधर
ले आउट :- हाइवे न्यूज डेस्क
प्रधान कार्यालय :- चन्द्रपुर-४, मेनचोक रौतहट
Email :– highwaynewsdaily@gmail .com
Phone no :– 055–540‘12
मुद्रकः– चाँद प्रिटिङ प्रेस, चन्द्रनिगाहपुर

## सम्पादकीय...........

# फास्ट ट्र्याकले देखाएको निर्माण आयोजनाका नियति

नेपालमा पूर्वाधार निर्माणको काम खराब दुश्चक्रमा फस्ने गरेको छ। अर्थात्, साना होस् वा ठूला, स्थानीय आयोजना होस् वा राष्ट्रिय गौरवका-आयोजनाका निर्माण अवधि लम्बिने गरेको छ। यसैकारण नागरिकदेखि राज्यका उपल्ला अधिकारीसम्मले निर्माणाधीन आयोजना कहिले पूरा होला भनेर अनुमान गर्न सक्दैनन्। काठमाडौं-तराई/मधेश द्रुतमार्ग (फास्ट ट्र्याक) लाई पनि यस्तै आयोजनाको लहरमा राखेर हेर्न सकिन्छ। नेपाली सेनाले नै ट्र्याक खोलेको यो आयोजना निर्माणका लागि पनि उसैले जिम्मेवारी पाएको छ। तर थपिएको म्यादमा पनि निर्माण पूरा हुने स्थिति देखिएको छैन। बरु पुनः म्याद थप्नुपर्ने सुझाव सरोकारवालाद्वारा अभिव्यक्त हुन थालेको छ। आयोजनालाई ढिलाइ गराउने कारणहरूको समाधान नहुने तर म्याद थपको चक्करमा फसिर हने हो भने यो आयोजनाको म्याद अझै पटक-पटक थप्नुपर्ने हुन सक्छ। तसर्थ, म्याद थप्ने विषयलाई अब अपवाद मात्रै बनाउनुपर्छ, आयोजना निर्माणमा देखिएका समस्या तत्काल समाधान खोज्ने र तोकिएकै समयमा पूरा हुने सुनिश्चितता गर्नुपर्छ। आयात-निर्यातको प्रमुख द्वार वीरगन्ज र र ाजधानी काठमाडौंबीचको दूरी छोट्याउने उद्देश्यसहित फास्ट ट्र्याकको निर्माण कार्य सुरु गरि एको हो। सडकमार्गको दूरी छोटिएसागै ढुवानी लागतमा व्यापक कटौती हुने अपेक्षा राखिएको छ। साथै, समय पनि बचत हुनेछ। किनकि, वीरगन्जबाट हेटौंडा, भर तपुर, मुग्लिङ हुादै काठमाडौं आउनुभन्दा फास्ट ट्र्याक प्रयोग गरी आउादा सडक दूरी झन्डै १७० किलोमिटर र यात्रा अवधि पनि ६ घण्टा बचत हुनेछ। यस्तो स्थितिले अर्थतन्त्रमै उल्लेखनीय योगदान पुग्नेछ। त्यसैले पनि राष्ट्रिय गौरवको आयोजनाका रूपमा यसको निर्माण कार्य भइरहेको छ। तर नाममा फास्ट ट्र्याक भनिए पनि यसको निर्माण गति भने असाध्यै स्लो छ। किनकि, २७ साउन २०७४ मा सेनालाई हस्तान्तरण गरिएको यो आयोजना मंसिर २०८१ मा पूरा हुनुपर्ने थियो। तर चैत २०८३ का लागि म्याद थपिइसकेको छ। यद्यपि, निर्माण पूरा गर्नका लागि ११ महिनाको अवधि बााकी रहादा पनि आयोजनाको भौतिक प्रगति केवल ४८ प्रतिशत मात्रै देखिएको छ।

सुरुवातमा कोभिड महामारीले पनि असर पारेको थियो। त्यस्तै, आयोजनाअन्तर्गत खोकना खण्डको ६.५ किलोमिटर खण्डको विवाद अझै टुंगिइसकेको छैन। वर्षौंदेखि खोकना विवादमा निकासनिस्किएपछि वैकल्पिक योजनामा अघि बढ्न खोजिएको छ। यसका लागि मन्त्रिपरिषद्ले नै डीपीआर संशोधनको निर्णय गर्नुपर्छ। तर त्यो काम भएको छैन। त्यस्तै केही खण्डमा चिनियाा र नेपाली निर्माण कम्पनीले काममा ढिलाइ गर्दा पनि अपेक्षाकृत प्रगति हुन सकेको छैन। यस्तै समस्या अन्य आयोजनामा पनि देखिने गरेको छ। म्याद थपिादै जादा लागत पनि बढ्दै जाने गरिएको पाइन्छ। फास्ट ट्र्याकको लागत दुई खर्ब १३ अर्ब छ, तर समयमै पूरा भएन र म्याद थपिादै गइयो भने त्यो मूल्य पनि बढ्दै जान सक्छ। अन्य कैयौं आयोजनाले यस्तो स्थितिमा पुर्‍याएका छन्। ठूला आयोजनामा पनि त्यस्तै स्थितिमा आउादा सीमित आर्थिक क्षमता भएको मुलुकलाई आर्थिक भार थेग्न मुस्किल पर्छ।

दोस्रो, आयोजना समयमै पूरा हुादा त्यसबाट तत्कालै लाभ लिन सकिन्थ्यो। जस्तो कि, फास्ट ट्र्याक २०७८ सालमै पूरा भएको भए पछिल्ला पााच वर्षमा धेरै फाइदा लिइसकिएको हुने थियो। आयोजनासाग जोडिएको उद्देश्य पूरा भइरहेको हुन्थ्यो। ढुवानी लागत कम हुने, यात्रा अवधि छोटिने, नयाा ठाउामा लगानी बढ्ने र व्यवसायीहरू सञ्चालन हुने स्थिति बन्थ्यो। रोजगारी सिर्जनादेखि पुंजी निर्माण जस्ता पक्षले अर्थतन्त्रलाई कैयौं सकारात्मक योगदान दिएका हुने थिए। मुख्यतः ठूलो आयोजना पूरा हुादा त्यसले राष्ट्रिय आत्मविश्वास अभिवृद्धि गर्ने थियो। समयमै आयोजना पूरा हुंदा निजी क्षेत्रका लगानीकर्ताले पनि त्यसैअनुसार आफना लगानीका योजना बनाउने थिए वा गर्दै गर्थे। निजगढमै फास्ट ट्र्याक तथा विमानस्थल पनि बन्ने भनिएपछि धेरै लगानीकर्ता उत्साहित थिए, कतिपयले लगानी पनि गरेका थिए। तर, उनीहरूको उत्साह सार्थक हुन सकेको छैन। फास्ट ट्र्याक एउटा सन्दर्भ मात्रै हो, जसले आयोजना निर्माण अवधि लम्बिने र त्यसले दिनुपर्ने लाभ पनि धकेलिने प्रवृत्तिलाई बुझ्न सघाउाछ। तर सबैजसो राष्ट्रिय गौरवका आयोजनाको हालत यस्तै छ। सडक तथा पुलका सानाठूला आयोजना पनि वर्षौंवर्ष पूरा हुने गरेका छैनन्। तर, सेनाले नै जिम्मा पाएको फास्ट ट्र्याकको हालत पनि अन्य आयोजनाकै जस्तो हुंदा अतिरिक्त नकारात्मक सन्देश गएको छ, जुन अवस्था राम्रो होइन। त्यसैले फास्ट ट्र्याकलगायत सबै आयोजनाहरूको आ-आ□नो प्रोफाइल तयार गरी सम्बन्धित आयोजनामा देखिएका समस्या के हुन्, ती कति सरकारको प्रशासनिक प्रक्रियाले उत्पन्न भएका हुन्।

# के हुने नेपालको राष्ट्रिय पहिचान ?


गोपाल खनाल

नेपालसाग गहिरो, ऐतिहासिक र मौलिक राष्ट्रिय पहिचान छ। तर त्यो पहिचानलाई एकीकृत राष्ट्रिय संकथनमा रूपान्तरण गर्ने प्रक्रिया अपूर्ण छ। राष्ट्रिय पहिचान जरा हो, राष्ट्रिय संकथन त्यसको प्रभावकारी अभिव्यक्ति। जब कोही विदेशीले सार्वजनिक कार्यक्रममा नेपालसंग के छ र ? नेपालको राष्ट्रिय पहिचान नै कहां छ र ? भन्ने अपमानजनक भाषा प्रयोग गर्छन्, त्यसले निकै बेचैन बनाउं दोरहेछ। यस्तो अनभिज्ञतासाग बहस नगरौं, बौद्धिक दरिद्रतामा रमाउने यस्तालाई जवाफ दिइरहनु पर्दैन। तर नेपालको स्वतन्त्र अस्तित्व अस्वीकार गर्ने यस्ता प्रवृत्ति पुनरावृत्त हुनुहुंदैन। यो पार्टी वा नेताविशेषको मुद्दा होइन, सम्पूर्ण नेपालीको साझा मुद्दा हो। सम्भवतः नेपालको राष्ट्रिय पहिचान र संकथनसंग जोडिएर रास्वपा सरकारले विदेश नीति र सम्बन्धमा बफर देखि गतिशील पुल सम्मका सारसंग्रहवादी अवधारणा ल्याएको छ। नेपाल मध्यवर्ती राज्य कहिले पनि थिएन र होइन, त्यसैले यसलाई सच्याउनुपर्छ। नेपाल के हो ? र, के बन्नुपर्छ भन्ने यस्ता धारणा पञ्चायती व्यवस्थादेखि संघीय लोकतन्त्र हुादै जेन-जी विद्रोह र विध्वंसपछिको यो सरकारसम्म आउादा बहसमा आएकै छन्।

जस्तो कि पूर्वराजा ज्ञानेन्द्रले पनि नेपाललाई पारवहन विन्दु (ट्रान्जिट प्वाइन्ट) का रूपमा विकास गर्ने अवधारणा ल्याएकै हुन्।

गतिशील पुलको अवधारणाकर्ता बाबुराम भट्टराई हुन्, जो बहस गर्दागर्दै राजनीतिक रूपमा एकान्तिकतामा गएका छन्। केपी ओलीले ज्ञानभूमि, तपोभूमि अर्थात् समग्रमा पूर्वीय ज्ञान सिद्धान्तको भूमिका रूपमा स्थापित गर्ने प्रयास गरेका हुन्। सम्भवतः सबैका सोचको सारसंग्रहका रूपमा रास्वपाले यो धारणा ल्याएको हुनुपर्छ। त्यसैसाग अहिले परराष्ट्रमन्त्री शिशिर खनालसमेतले नेपालको परराष्ट्र सम्बन्ध सञ्चालनमा सबैको सहयोगको आह्वान गर्दै त्यही राष्ट्रिय पहिचान र संकथन निर्माणलाई प्राथमिकतामा राखेर संवाद अघि बढाएका छन्। त्यसै क्रममा परराष्ट्र मन्त्रालयका प्रवक्ता सार्वजनिक कूटनीति महाशाखाका प्रमुख लोकबहादुर पौडेल क्षेत्रीले विस्तृत प्रतिवेदनमार्फत थुप्रै विषय समेटेर बहस अघि बढाएका छन्। जसमा एउटा विषय त्यही राष्ट्रिय पहिचान र संकथनसाग जोडिएको छ। यो लेख यही चिन्तनमा केन्द्रित छ। आधारभूत प्रश्नबाट आरम्भ गरौं। नेपाल वास्तवमै पहिचानविहीन राष्ट्र हो ? वा, पहिचान भएर पनि स्थापित गर्न नसकेको हो ? यो केवल बौद्धिक अभ्यास र विलास मात्र होइन, नेपालको कूटनीतिक भविष्यसंग प्रत्यक्ष जोडिएको छ। त्यसैले बहस गर्दा पहिचान नभएको कुनै राष्ट्र हुादैन, सबैको विशिष्ट पहिचान हुन्छ भन्नेबाट आरम्भ हुनुपर्छ। संयुक्त राष्ट्रसंघद्वारा मान्यता प्राप्त १९३ राष्ट्र सबैका आ□ना विशिष्ट पहिचान छन्। बरु तीमध्ये कति राष्ट्रले पहिचान स्थापित गर्न सके वा सकेनन् भन्ने हो। पहिचान शक्ति र बलले मात्र स्थापित हुादैन, ऐतिहासिकता र सभ्यतासाग पनि पहिचान सन्निहित हुन्छ, जसलाई स्थापित गर्न कूटनीतिक प्रभावकारिकता आवश्यक हुन्छ।

त्यस अर्थमा नेपालको पहिचान कुनै नयाा निर्माण होइन। आधुनिक नेपालको निर्माणसंगै पृथ्वीनारायण शाहले नेपाललाई दुई ढुंगाबीचको तरुल का रूपमा परिभाषित गर्दा उनले केवल भूगोल होइन, रणनीतिक अस्तित्वको रूपरेखासमेत दिएका थिए। इतिहासको यो बलियो आधार हो। नेपाल कहिल्यै कसैको उपनिवेश बनेन। तर यो तरुल उपमाको समय होइन, त्यस अर्थमा यसमा रूपान्तरण हुनुपर्छ।

सायद त्यही भएर विभिन्न प्रधानमन्त्री र सरकारले विभिन्न सोच ल्याएका छन्। त्यसैमध्येको गतिशील पुल को अवधारणा एउटा हो। तर गतिशील पुललाई व्यवहारत कार्यमूलक बनाउन पुलपारिका दुवै छिमेकीको विश्वास हासिल गर्न सक्नुपर्छ। त्रिदेशीय सहयोगको संरचनाभित्र यो प्रवेश गर्नुपर्छ, जसमा भारत र चीन सकारात्मक बन्नुपर्छ। त्यस्तै, नेपाल हिमालय र गंगा सभ्यताको संगम र हृयो। विविधताभित्रको सहअस्तित्व यसको सामाजिक चरित्र बन्यो। यी नै नेपालका विशिष्ट ऐतिहासिक पहिचान हुन्। त्यसैले प्रश्न ...पहिचान छ कि छैन होइन, प्रश्न त्यो पहिचान आजको विश्वसामु कसरी प्रस्तुत गरिएको छ भन्ने हो। वा, परिवर्तित नेपालले पहिचानको निरन्तरता र रूपान्तरण गर्‍यो वा गरेन भन्ने हो। किनकि परम्परागत पहिचान कायम राख्दै वैश्विक राजनीति र कूटनीतिअनुरूप त्यसको रूपान्तरण पनि आवश्यक हुन्छ।

त्यसैले निष्कर्षमा भन्दा नेपालसंग गहिरो, ऐतिहासिक र मौलिक राष्ट्रिय पहिचान छ। तर त्यो पहिचानलाई एकीकृत राष्ट्रिय संकथनमा रूपान्तरण गर्ने प्रक्रिया अपूर्ण छ। राष्ट्रिय पहिचान जरा हो, राष्ट्रिय संकथन त्यसको प्रभावकारी अभिव्यक्ति। नेपालको वर्तमानको चुनौती जरा खोज्ने होइन, त्यसको संकथन विश्वसामु स्पष्ट, आत्मविश्वासी र रणनीतिक रूपमा प्रस्तुत गर्ने हो। बेलायती सार्वजनिक कूटनीतिका विज्ञ लेखक सिमोन आन्होल्टले भने जस्तो ...राष्ट्र ब्रान्डिङ भनेको केही नयाा सिर्जना गर्ने होइन, जे पहिलेदेखि नै अस्तित्वमा छ, त्यसलाई प्रस्टताका साथ विश्वसामु अभिव्यक्त गर्ने हो।

**पहिचान : सौम्य शक्ति**

झट्ट हेर्दा, जुन राष्ट्र आर्थिक र सैन्यबलमा बलियो छ, त्यसैले विश्व शासन गरेको जस्तो देखिन्छ। अमेरिका र चीन त्यसका उदाहरण हुन्। डोनल्ड ट्रम्प र सी चिनफिङले त्यही शक्तिको प्रतिनिधित्व गर्छन्। विश्व बहुध्रुवीयतातर्फ जादै गरेको मान्दा तिनै मापदण्डका आधारमा नया शक्तिहरूको उदय भइरहकै छ। तर आधुनिक कूटनीतिमा शक्ति केवल सैनिक वा आर्थिक साधनमा सीमित छैन। प्रख्यात अमेरिकी राजनीतिशास्त्री तथा सफट पावर का अवधारणाकर्ता जोसेफ नाईले भनेझैं सफट पावर आकर्षणबाट अरूका प्राथमिकतालाई आकार दिने क्षमता हो। अरूलाई दबाब वा बलमार्फत होइन, आकर्षण र प्रभावमार्फत आफनो पक्षमा ल्याउने क्षमता हो। यही आकर्षणको माध्यमबाट राष्ट्रहरूले आफनो वैश्विक छवि निर्माण गरिरहेका हुन्छन्। उदाहरणका निम्ति जापानले आफनो संस्कृति, अनुशासन र प्रविधिलाई विश्वव्यापी प्रभावमा रूपान्तरण गर्‍यो। जापान भन्नेबित्तिकै दुनियााले परम्परा र प्रविधिको उत्कृष्ट समायोजन भएको राष्ट्रका रूपमा बुझ्छ।

दक्षिण कोरियाले आफनो सांस्कृतिक निर्यातमार्फत पहिचान स्थापित गर्‍यो। दक्षिण कोरियाको राष्ट्रिय संकथन नै त्यहांको पप संस्कृति र नवप्रवर्तन रहृयो। जस्तो– बीटीएस, ब्लाकपिंक जस्ता कोरियन पप ब्यान्डले विश्वमा नै हलचल ल्याएका छन्, जसलाई त्यहाको सरकारद्वारा कोरियाली सौम्य शक्तिका रूपमा प्रवर्द्धन गरिएको छ। भारत एक यस्तो शक्ति हो, जसले सैन्य-आर्थिक क्षमतासंगै सांस्कृतिक र सभ्यतागत प्रभावलाई पनि पहिचान बनायो। योग, आयुर्वेद र आध्यात्मिक परम्परा उसका कूटनीतिक उपकरण हुन्। त्यसैले पहिचान सबैको हुन्छ वा यसो भनौं, पहिचान बनाउने होइन, रणनीतिक रूपमा प्रस्तुत गरिने हो। नेपालसाग सफट पावरको अभाव छैन, प्रशस्त सम्भावना छ।

नेपालको सबैभन्दा ठूलो सौम्य शक्ति भनेकै हिन्दु र बौद्ध सभ्यताको जगमा निर्माण भएको विशिष्ट समाज हो। गौतम बुद्धको जन्मभूमि, हिन्दु सभ्यताको जननी र शान्ति, सहअस्तित्व र आध्यात्मिकताको सन्देश दिने आधिकारिकता भएको भूमि। हिमालय जलवायु संकटको संवेदनशील क्षेत्र पनि हो र राष्ट्रसंघीय शान्ति मिसनको सक्रिय सहभागी पनि हो। यी केवल प्रतीक होइनन्, नेपालले निर्माण गर्न सक्ने एकीकृत राष्ट्रिय संकथन हुन्। हिन्दु-बौद्ध विश्वदृष्टि भनेको शान्ति, सन्तुलन र सहअस्तित्वमा आधारित सभ्यतागत अन्तर्राष्ट्रिय सोच हो। यदि दुनियाालाई कसैले शान्तिको सच्चा सन्देश दिन सक्छ भने त्यो आधिकारिकता नेपालले मात्र राख्न सक्छ।

जस्तो कि यस्ता पहिचान कतिपय देशले स्थापित गरेका छन्। मक्का-मदिना इस्लामका लागि केवल धार्मिक केन्द्र होइन, एकीकृत वैश्विक पहिचानका प्रतीक हुन्। जेरुसेलम यहुदी र इसाई सभ्यताका लागि आस्थाको केन्द्र मात्र होइन, इतिहास र अस्तित्वसंग जोडिएको पवित्र स्थल हो। शिखहरूका लागि गोल्डेन टेम्पल, जसलाई सबैभन्दा पवित्र गुरुद्वारा मानिन्छ भने चिनियाा ताओइज्मका लागि माउन्ट ताई पवित्र हिमालय मानिन्छ। पशुपतिनाथ विश्वभरका हिन्दुहरूको पवित्रस्थल हो, जो सम्पूर्ण जगत्का प्राणीको स्वामीका रूपमा पुजिन्छन्। त्यस्तै, लुम्बिनीले नेपाललाई केवल एक भूगोलका रूपमा होइन, गौतम बुद्धको सन्देशसाग जोडिएको वैश्विक आध्यात्मिक केन्द्रका रूपमा स्थापित गर्न सक्छ। तर नेपालले भने आ□नो यस्तो मौलिक सौम्य शक्तिलाई राष्ट्रिय संकथन बनाउन अझै सकेको छैन।

**खण्डित दृष्टि**

नेपालको कमजोरी बाह्य आलोचना होइन, आन्तरिक अस्पष्टता र विभाजन हो। त्यसभित्र राजनीतिक परिवर्तनसंगै राष्ट्रिय प्राथमिकता परिवर्तन हुनु, दीर्घकालीन कूटनीतिक दृष्टिको अभाव देखिनु र संस्थागत समन्वयको कमजोरी पर्छन्। नेपालसंग पहिचान छ, छिमेकी र विश्वले स्विकारेका पनि छन् तर त्यो एकीकृत राष्ट्रिय संकथन बन्न सकेको छैन। वालेन्द्र शाह नेतृत्वको युवा सरकार ले के नेपालको यो राष्ट्रिय सामर्थ्य र पहिचानलाई अन्तर्राष्ट्रिय पहिचान र संकथनमा बदल्न सक्छ ? सरकार बनेको दुई महिना पूरा हुादा पूर्वबहसले निरन्तरता पाएको छ।

विश्व राजनीतिमा देखिादो परिवर्तन र परिवर्तित भूराजनीतिले मझौला र साना राष्ट्रलाई पनि आफनो स्थान प्रस्ट गर्न बाध्य पारेको देखिादै छ। भारत र चीनबीचको प्रतिस्पर्धा, प्रतिद्वन्द्विता र सहकार्य, त्यसैमा खेलेर अमेरिकीहरूले बढाएको सक्रियता, विकास परियोजना र रणनीतिक साझेदारहरू सबैले नेपाललाई कूटनीतिक पहिचान स्पष्ट गर्न दबाब दिइरहेका छन्।

त्यहां उनीहरूप्रति झुकावको माग छ तर नेपालले त्यसलाई सिधै खारेज गर्नुपर्छ। घरेलु खण्डित सोचबाट शक्ति राष्ट्रका रणनीतिक स्वार्थलाई खारेज गर्न सकिंदैन। रणनीतिक स्वायत्तता कायम राख्दै सम्बन्ध अघि बढाउने हो। नेपालले आफनो राष्ट्रिय पहिचान स्थापित गर्न अब प्रतीकात्मक कुरा गरेर मात्र हुादैन। नयाा सरकारले यसलाई प्राथमिक कूटनीतिक एजेन्डाका रूपमा अघि बढाउनुपर्छ।

नेपालको विश्व दृष्टिकोणलाई स्थापित गर्न परराष्ट्र मन्त्रालयले सम्बन्धित अन्य मन्त्रालय, जस्तो संस्कृति, पर्यटन, सञ्चार र शिक्षासाग समन्वय गर्नुपर्छ। पहिचानका सामग्री प्रशस्त छन् तर प्रस्तुति प्रभावकारी बन्न सकेको छैन। सरोकारवालाको समन्वयमा परराष्ट्रले एउटा साझा दृष्टिकोण तय गरी राजनीतिक दलका बीचमा छलफल भएर संसद्बाटै पारित गरेर एउटा दस्तावेज तयार पार्नुपर्छ।

त्यसभित्र माथि चर्चा गरिएका सौम्य शक्ति उल्लिखित हुनुपर्छ। जस्तो कि, अन्तर्राष्ट्रिय सम्मेलन, शान्ति संवाद र सांस्कृतिक कूटनीतिक कार्यक्रममार्फत लुम्बिनीलाई विश्वस्तरको आध्यात्मिक र कूटनीतिक केन्द्रका रूपमा विकास गर्न सकिन्छ। पशुपतिनाथ, मुक्तिनाथलाई पनि त्यसरी नै ब्रान्डिङ गर्न सकिन्छ। नेपालले यसअघि नै भारतसाग रामायण सर्किट र बौद्ध सर्किटलाई अघि बढाउने समझदारी गरिसकेको छ तर त्यसमा केही प्रगति भएको देखिंदैन। सबैभन्दा महत्त्वपूर्ण नेपाली दलहरूका बीचमा साझा दृष्टिकोण निर्माण हुनुपर्छ। विदेश नीति बनाउने र त्यो नीतिमार्फत कूटनीति सञ्चालन गर्ने विषय सरकारको मात्रै पनि होइन, यो राज्यको हो, जसभित्र सबै दल र सरोकारवाला पर्छन्। समग्रमा नेपालको अन्तर्राष्ट्रिय पहिचान र छवि बनाउने विषय एउटा पार्टीको होइन, यो सबैको साझा विषय हो। विश्वमा जब एउटा बलियो र एकीकृत नेपाल देखिन्छ, तब छिमेकी र विश्वले त्यही एकीकृत शक्तिसाग सम्बन्ध राख्छ, जहाा पार्टीगत र व्यक्तिगत स्वार्थ होइन, राष्ट्रिय स्वार्थ मात्र देखिन्छ।

आजसम्म हामी यसमा चुकेका छौं। कार्यकारी प्रमुखका रूपमा प्रधानमन्त्री वालेन्द्रका निम्ति यो अवसर पनि छ। काठमाडौंस्थित राजदूतहरूलाई बेग्लाबेग्लै नभेटी सामूहिक रूपमा १७ जना राजदूतलाई सरकारको विदेश नीति र सम्बन्धमा जानकारी गराउनु सकारात्मक हो। तर प्रधानमन्त्रीले आवश्यकताका आधार मा नेपालस्थित राजदूतलाई भेट्नुपर्छ, त्यहां प्रोटोकलले रोक्दैन।

## मनोरञ्जन समाचार

# अभिनयमा कमब्याक गर्दै कैट्रिना



हाईवे न्युज सम्वाददाता
जेठ २७ गते ।
बलिउड अभिनेत्री कैट्रिना कैफ अभिनयमा कमब्याक गर्ने भएकी छन् । आमा बनेपछि अभिनयबाट टाढा भएकी उनी अहिले फिल्म तथा अन्य प्रोजेटको स्क्रिप्ट अध्ययन गरिरहेकी छन् । बलिउड मिडियाका अनुसार कैट्रिना हतारमा कुनै पनि प्रोजेक्ट साइन गर्ने पक्षमा छैनन् । उनी आफनो जीवनको यो नया चरण (मातृत्व)साग मेल खाने खालको कथा छनोट गर्न चाहन्छिन् । यही कारणले गर्दा उनी प्रत्येक स्क्रिप्टलाई निकै ध्यानपूर्वक अध्ययन गरिरहेकी छन् । कैट्रिना अब डिजिटल माध्यम अर्थात् ओटीटी प्लेटफर्ममा पनि काम गर्ने बारे विचार गरिरहेकी छन् । यदि यो योजना सफल भएमा, यो उनको करियरको पहिलो ओटीटी प्रोजेक्ट हुनेछ । अचेल धेरै स्थापित कलाकारहरू ओटीटीतर्फ आकर्षित भइरहेका बेला कैट्रिना पनि यो नयाा प्लेटफर्ममा काम गर्न इच्छुक देखिएकी हुन् । रिपोर्टहरूका अनुसार उनी सन् २०२७ को उत्तरार्ध (दोस्रो हिस्सा)तिर सुटिङमा फर्किन सक्ने सम्भावना छ । कैट्रिना कैफ पछिल्लो पटक फिल्म मेरी क्रिसमस मा देखिएकी थिइन्, जसमा उनको साथमा दक्षिण भारतीय अभिनेता विजय सेतुपति मुख्य भूमिकामा थिए ।

## अन्तर्राष्ट्रिय समाचार

# चिनियां राष्ट्रपति सी र उत्तर कोरियाली नेता किमबिच क्षेत्रीय र विश्व शान्ति प्रवर्द्धन गर्ने प्रतिबद्धता

हाईवे न्युज सम्वादाता
जेठ २७ गते ।
चिनिया राष्ट्रपति सी चिनपिङ र उत्तर कोरियाली सर्वोच्च नेता किम जोङ उनबिच महत्त्वपूर्ण सहमति भएको छ । दुवै देश क्षेत्रीय एवं विश्वव्यापी शान्ति रक्षाका लागि मिलेर अघि बढ्न सहमत भएका छन् । चिनिया राष्ट्रपति सी उत्तर कोरियाको दुई दिने राजकीय भ्रमण सम्पन्न गरेर फर्केका छन् । त्यसपछि उनले एक धन्यवाद सन्देश पठाएका थिए। उत्तर कोरियाली सरकारी सञ्चारमाध्यम केसीएनएले बुधबार यस सन्देशको आधारमा यो जानकारी दिएको हो। केसीएनएले उक्त सन्देश पूर्ण रूपमा प्रसारण गरेको छ।



सन्देशमा राष्ट्रपति सीले दुवै पक्षबिच साझा चासोका विषयहरूमा गहन विचार आदानप्रदान भएको उल्लेख गरेका छन्। दुई देशबिच सम्बन्धलाई थप सुदृढ बनाउने प्रतिबद्धता थियो। सोही अनुरूप, उनीहरूबीच शृख्लाबद्ध महत्त्वपूर्ण सहमतिहरू भएका छन्। आगामी दिनहरूमा दुई देशको मौलिक र दीर्घकालीन हितका आधारमा काम हुनेछ। राष्ट्रपति सी द्विपक्षीय सम्बन्धलाई निरन्तर रूपमा सुरक्षित, मजबुत र विकास गर्न इच्छुक छन्। उनी क्षेत्रीय एवं विश्वव्यापी शान्ति र विकासमा थप योगदान पुऱ्याउन किम जोङ उनसाग मिलेर काम गर्न चाहन्छन्। चीनको आधिकारिक समाचार एजेन्सी सिन्ह्वाका अनुसार यस भ्रमणाले दुई देशबिचको सम्बन्ध विकासका लागि अझ गहिरो र व्यापक समझदारी बनाएको छ। यसले विकासको एक स्पष्ट मार्गचित्र तय गरेको छ। दुवै देशका सरकारी सञ्चारमाध्यमहरूले थप विवरण दिएका छन्। दुई नेता राजनीतिक, आर्थिक, व्यापारिक र सांस्कृतिक क्षेत्रमा सहयोग विस्तार गर्न सहमत भएका छन्। उनीहरू आ–आफना सरकारहरूबिच घनिष्ठ रणनीतिक सञ्चार कायम राख्न पनि राजी भएका छन्। सिन्ह्वाले यसमा कृषि, प्रविधि र निर्माण जस्ता क्षेत्रहरूलाई समेटेको छ। सिन्ह्वाका अनुसार चीन–उत्तर कोरिया सम्बन्धको विकासमा व्यावहारिक सहयोग एक महत्त्वपूर्ण चालक शक्ति हो। चिनियाा सरकारी सञ्चार माध्यमहरूले अर्को कुरामा पनि जोड दिएका छन्। दुवै देशले आफना सीमा नाकाहरू पूर्ण रूपमा खोल्नुपर्ने उनीहरूको भनाइ छ। उनीहरूले नागरिक उडयन उडानहरू र अन्तर्राष्ट्रिय यात्रुवाहक रेल सेवा पुनः सञ्चालन गर्नुपर्ने बताएका छन्। यसबाट दुवै देशले अधिकतम फाइदा उठाउनुपर्नेछ। बुधबार केसीएनएका अन्य रिपोर्टहरू पनि सार्वजनिक भएका छन्।

ती रिपोर्टहरूका अनुसार दुई नेताले प्योङयाङमा निर्मित सिनो–कोरियाली मैत्री टावर मा श्रद्धाञ्जली अर्पण गरेका थिए। यो टावर कोरियाली युद्धमा ज्यान गुमाएका चिनिया सैनिकहरूको सम्झनामा बनेको हो। उनीहरूले पार्टी कार्यकर्ताहरूका लागि सञ्चालित एक राजनीतिक प्रशिक्षण विद्यालयको समेत भ्रमण गरेका थिए।


# ग्रामीण विकास केन्द्र नेपाल, रौतहट

RDC Nepal
Appointment for Change

## शिलबन्दी कोटेशन आहवानको सुचना

### प्रथम पटक प्रकाशितमिति२०८३/०२/२८ गते

ग्रामीण विकास केन्द्र नेपाल रौतहटरवर्ल्ड भिजन इन्टरनेशनल नेपालको आर्थिक तथा प्राविधिक सहयोगमा सञ्चालित SHIELD-IPF परियोजना अन्तर्गत रौतहट जिल्लाको गरुडा नगरपालिका वडा नं ४ र ५ मा School WASH Construction/Renovation सम्बन्धिकार्यहरु गर्न'पर्ने भएको हुादा ईच्छुक ईजाजत प्राप्त फर्म/कम्पनीहरुबाट रीतपुर्वक शिलवन्दी कोटेशन आव्हान गरिन्छ ।

| कोटेशन सुचना नम्बर | सेवाको बिवरण | बिस्तृत बिवरण | अनुमानित लागत | कोटेशान पेश गर्ने तरिका |
|---|---|---|---|---|
| RDC/RFQ/2025-026/21 | Construction and Renovation works | As per BOQ | ने.रु २४०१९१७.४९ (भ्याट सहित) | संस्थामा स्वयम् उपस्थित भई अथवा संस्थाको ईमेलमा समेत पासवर्ड राखी पेश गर्न सकिनेछ |

**नोटः माथि उल्लेखित तोकिएको सबै सेवाको लागि दररेट भ्याट सहित पेश गर्नुपर्नेछ ।**

१.यो सुचना प्रथम पटक प्रकाशन भएको मितिले ०७ दिनभित्र ईच्छुक ईजाजत प्राप्तफर्म/व्यवसाय/कम्पनीहरुले तल दिएको ईमेलमा चभत्रगभकत गरेर वा संस्थामा उपस्थित भइ बोलपत्रमांग गर्न सकिनेछ ।

२. निर्माण सम्बन्धि यथार्थपरक जानकारी दिनका लागि मिति २०८३/०३/०१ गते दिनको ११:०० बजे एचभ(दष्म ाभभतष्लन हुनेछ साथै आवस्यकता अनुसार site-visit पनि गर्न सकिनेछ ।

**पेश गर्नंपर्ने**

क. फर्म/व्यवसाय/कम्पनीदर्ता प्रमाणको प्रतिलिपि, यदिफर्म नविकरण गर्नुपर्ने प्रकृतिको भएन विकरण पत्रको प्रतिलिपि समेत समावेश हुनु पर्नेछ ।

ख. VAT/PAN को प्रमाण पत्रको प्रतिलिपि ।

ग. करचुक्ता प्रमाण पत्रको प्रतिलिपि (आ.ब.२०८१/०८२) ।

घ. हस्ताक्षर र छाप गरिएको ग्रामिण विकास केन्द्र नेपालको Suppliers code of conduct, COI declaration formरTechnical form।

**शर्तहरू**

१.Technical तथा Financial Proposal फरक फरक खाममा शिलबन्दी सहित प्रेषकको नाम, ठेगाना, सम्पर्क नं. ठेगाना उल्लेख गरेर संस्थाको चन्द्रपुर स्थित कार्यालयमा स्वयम् उपस्थित भई अथवा संस्थाको इमेलमा समेत पासवर्ड राखी मिति २०८३/०३/०३ गते दिनको ५:०० बजे भित्र बुझाउन सकिनेछ ।

२. कोटेशन खोल्ने तथा निर्णय गर्ने अधिकार संस्थाको खरिद समितिमा निहित हुनेछ ।

३. कोटेशन आपुर्तिकर्ता प्रतिनिधीहरुको उपस्थितिमा संस्थाको कार्यालयमा २०८३/०३/०४गते दिनको १:०० बजे कोटेशन खोलिनेछ । आपुर्तिकर्ताले आफना प्रतिनिधी उपस्थित नगराएको खण्डमा संस्थाले आफनो प्रकृया अनुसार कोटेशन खोली प्रकृया अगाडी बढाउन सक्नेछ ।

४. शिलबन्दी कोटेशन सम्बन्धि थप अन्यकुनै जानकारी आवश्यक भएमा यस संस्थाको खरिद शाखामा सम्पर्क राख्नु हुन अनुरोध छ ।

**ग्रामीण विकास केन्द्र नेपाल,**

**चन्द्रपुर 04, रौतहट**

फोन.नं.०५५-५४०२०३,Email: procurement@rdcnepal.org


# बोल्न नदिएको भन्दै श्रम संस्कृति पार्टीका सांसदहरूको संसदमा नाराबाजी

हाईवे न्युज सम्वाददाता
जेठ २७ गते ।
सभामुखले संसद् बैठकमा बोल्न समय नदिएको भन्दै श्रम संस्कृति पार्टीका सांसदहरू आक्रोश व्यक्त गरेका छन् । बुधवारको बैठकमा सभामुख डीपी अर्यालले कांग्रेस, एमाले, नेकपा र राप्रपालाई बोल्न दिएपछि राष्ट्रपतिको कार्यालयबाट आएको पत्र पढेर सुनाउने तयारीमा थिए । त्यसैवेला श्रम संस्कृतिका सांसद हर्क साम्पाङ उठेर आफूहरूलाई भेदभाव गरेर बोल्न नदिएको भन्दै विरोध गरे ।

एकछिन सभामुख र साम्पाङविच सवाल जवाफ चलेको थियो । त्यसक्रममा सभामुखले विपक्षी दलका सांसदहरूलाई बोल्न दिने भन्दै धैर्य गर्न सुझाव दिए । यही बिचमा सभामुखले रास्वपा सांसद रिमा विश्वकर्मालाई नियमापत्तिका लागि सभामुखले समय दिए । तर साम्पाङ रोकिएनन् । अनि सभामुखले अपमानजनक र अमर्यादित शब्दहरू प्रयोग नगर्न चेतावनी दिए । धैर्यता राख्नुस् म बोल्दैछु ।

यो कुनै बाहिर गएर सभामा गएर बोलिर हनुभएको होइन, यो प्रतिनिधि सभाको उच्च सभा हो, सभामुखले भने, सुनिदिनुपऱ्यो । तर पनि साङपाङ नरोकिएपछि श्रम संस्कृतिका सांसदहरूले मन्त्रीले बोल्दा समेत विरोध गरेको भन्दै आज समय दिन नसक्ने भएको बताए ।

त्यसपछि उनले राष्ट्रपतिको मन्त्रिपरिषद् पुनर्गठन र हेरफेरबारेको पत्र पढेर सुनाएका थिए । सभामुखले पत्र पढेर सुनाउादै गर्दा श्रम संस्कृतिका सांसदहरूले नाराबाजी गरेका छन् ।

# मानव अधिकार आयोगको कारबाही सिफारिस, तर सरकार गर्छ पुरस्कृत

हाईवे न्युज सम्वाददाता
जेठ २७ गते ।

राष्ट्रिय मानवअधिकार आयोगले गम्भीर मानवअधिकार हननका दोषीलाई कारबाहीका लागि पटक–पटक सिफारिस गरे पनि त्यसको कार्यान्वयन भने अत्यन्तै न्यून देखिएको छ । तर विडम्बना, आयोगले कारबाही सिफारिस गरेका व्यक्तिहरूलाई सरकारले उल्टै पुरस्कृत र सम्मानित गर्ने गरेको पाइन्छ । आयोगले १० वर्षे सशस्त्र द्वन्द्वका क्रममा भएका गम्भीर मानवअधिकार हननका घटनादेखि २०८२ भदौ २३ र २४ गते भएको जेनजी आन्दोलनसम्मका दोषीहरूलाई नाम किटान गरी कारबाहीको सिफारिस गरेको छ । तर, लोकतन्त्र स्थापनापछि बनेका कुनै पनि सरकारले आयोगको सिफारिस कार्यान्वयन गर्नुको सट्टा मानवअधिकार हननमा दोषी देखिएकाहरूलाई बढुवा सिफारिस गर्ने र गणतन्त्र दिवसको अवसरमा पुरस्कृत गर्ने कार्य गर्दै आएका छन् । पछिल्लो समय जेनजी आन्दोलनको छानबिन गर्न गठित मानवअधिकार आयोगको प्रतिवेदनले अनुसन्धान गरी कारबाही गर्न सिफारिस गरेको थियो । तर, सरकारले आयोगको सिफारिस कार्यान्वयन गर्नुको सट्टा मानवअधिकार उल्लघनकर्ताको बचाउ गरिरहेको छ ।आयोगले जेनजी आन्दोलनका क्रममा गम्भीर मानवअधिकार हनन गरेको भन्दै पूर्वप्रधानमन्त्री केपी शर्मा ओली, पूर्वगृहमन्त्री रमेश लेखक लगायतलाई कानुन बनाएर कारबाही गर्न सिफारिस गरेको छ । साथै, आयोगले वर्तमान गृहमन्त्री सुधन गुरुङमाथि जेनजी आन्दोलनमा भएको हिंसात्मक गतिविधिमा संलग्न रहेको भन्दै अनुसन्धान गर्न भनेको थियो ।

सुरुमा शान्तिपूर्ण रूपमा सुरु भएको आन्दोलनमा पछि जोडिएका हामी नेपाल संस्थाका अध्यक्ष गुरुङको समूहले भिडलाई उत्तेजित पारेको प्रतिवेदनको निष्कर्ष छ। प्रतिवेदनको



तथ्य र विश्लेषण खण्डको प्रकरण ६ र ७ मा उल्लेख भएअनुसार भदौ २३ को बिहान करिब १०:३० बजे अन्दाजी तीन हजारदेखि ३२०० को संख्यामा प्रदर्शनकारी भेला भएका थिए ।प्रमुख जिल्ला अधिकारी (सीडीओ) ले तोकेको परिधिभित्रै सुरु भएको ऱ्यालीले केही समयभित्रै उक्त निषेधित क्षेत्र तोडेको थियो, जसको नेतृत्व सुधन गुरुङले गरेको प्रतिवेदनमा औंल्याइएको छ। तर, सरकारले मानवअधिकार आयोगको प्रतिवेदन कार्यान्वयनका लागि छानबिन समिति बनाउने र दोषी देखिएकालाई कारबाही गर्ने प्रतिबद्धता जनाउनुको सट्टा बेवास्ता गरेको छ । यद्यपि, आयोगले मानवअधिकार उल्लघनको कार बाहीका लागि सिफारिस गरेको विषयमा कतिपयले निष्पक्ष नभएको र सुनुवाइको मौका नदिई प्रतिवेदनमा कारबाही सिफारिस गरिएको भन्दै टिप्पणी पनि गरेका छन्। दश वर्षे सशस्त्र द्वन्द्वका क्रममा गम्भीर मानवअधिकार हननका दोषी भन्दै कारबाही सिफारिस गरिएका नेपाल प्रहरीका कुवेरसिंह रानालाई राज्यले महानिरीक्षकमा बढुवा गऱ्यो। साथै, राज्यले उनलाई विभिन्न समयमा राजकीय पदकहरूबाट सम्मानसमेत गरेको थियो । योगले रानालाई महानिरीक्षक हुनुअघि धनुषामा ५ जना विद्यार्थीको हत्यारबेपत्ता घटनामा दोषी ठहर गर्दै कारबाहीका लागि सिफारिस गरेको थियो। सो घटनामा कारबाही सिफारिस गरिएका तत्कालीन धनुषाका डीएसपी कुबेरसिंह राना, सिन्धुली भिमानस्थित ब्यारेकमा कार्यरत तत्कालीन मेजर अनुप अधिकारी, धनुषाका तत्कालीन प्रजिअ रेवतीराज काफले, तत्कालीन एसएसपी चुडाबहादुर श्रेष्ठलगायत विषयमा कारबाही सिफारिस भएको दुई दशक बित्दा पनि कारबाही हुन सकेको छैन । ब्यारेकका क्याप्टेन रमेश स्वाार, मेजर अजितसिंह थापा पनि कारबाही सिफारिसमा परेका थिए। कारबाहीको सट्टा सरकारले सम्मानपूर्वक बढुवा र तक्मा दिने काम गऱ्यो । मानवअधिकार उल्लघन गर्नेमाथि कारबाही सिफारिस गरिएका भए तापनि विभिन्न समयमा संविधान दिवसको अवसरमा वितरण गरिएका जनसेवा श्री जस्ता पदकहरूमा त्यस्ता सुरक्षाकर्मीहरूको नाम पर्ने गरेको छ, जो यातना, गैरन्यायिक हत्या वा प्रदर्शनकारीमाथि अत्यधिक बल प्रयोग गरेका घटनामा छानबिनको घेरामा थिए। उदाहरणका लागि, २०७५ सालमा निलम्बित एसपी विद्यानन्द माझीलाई पदक दिइएको थियो ।

# रास्वपा कर्णाली प्रदेशको नेतृत्वका लागि ५ जनाबिच रस्साकस्सी

हाईवे न्युज सम्वाददाता
जेठ २७ गते ।

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) कर्णाली प्रदेशको प्रथम अधिवेशन शनिबार हुंदै छ। प्रदेश राजधानी वीरेन्द्रनगरको शुभ होटेलमा आयोजना गरिएको उक्त अधिवेशनको तयारी करिब अन्तिम चरणमा रहेको रास्वपा कर्णाली प्रदेश सभापति मदन खड्काले बताए । प्रथम र ऐतिहासिक तरिकाले अधिवेशन हुन्छ, त्यसका लागि हाम्रो तयारी व्यापक भइरहेको छ, उनले भने । पहिलो पटक हुन लागेको अधिवेशनमा कर्णाली प्रदेशको नेतृत्वका लागि ५ जनाबिच रस्साकस्सी चलिरहेको छ। स्रोतका अनुसार, वर्तमान सभापति मदन खड्का, कोषाध्यक्ष स्नेहा उपाध्याय, प्रेमबहादुर बोहोरा, नन्दकिशोर बस्नेत (एनके) र मानबहादुर शाही सभापतिका दाबेदार छन् । यी चारै जनाले आ–आफनो तर्फबाट पार्टी केन्द्रमा लबिङ समेत गरिरहेको स्रोतले बतायो । ५ जनामध्ये बोहोरा, बस्नेत र शाहीको बलियो सम्भावना छ । दैलेखका बस्नेत गत फागुनको निर्वाचनको केही दिनअघि मात्रै नेकपा एमालेबाट रास्वपा प्रवेश गरेका थिए। उनले रास्वपाबाट दैलेख–१ को प्रतिनिधि सभा चुनाव लडेका थिए। यद्यपि उनी कांग्रेसकी बासना थापासाग पराजित भए। यद्यपि व्यक्तित्वको हिसाबले उनी बलिया दाबेदार हुन् । उनी रास्वपालाई कर्णालीमा माथि उठाउनुपर्छ भनेर नै आफू



केन्द्रीय कमिटीमा नबसेको बताए । म लामो समय काठमाडौंमा बसेको मान्छे हो, भूगोलमै बस्नुपर्छ भनेर यहाा आएको हो, नभए केन्द्रीय कमिटीमा बस्थो, उनले भने, म वीरेन्द्रनगर आएको छु, साथिहरूसाग सरसल्लाह गर्दै छु। रुकुम पश्चिमका मानबहादुर शाही विशेषगरि रास्वपा सभापति रवि लामिछाने निकट मानिन्छन्। २०७९ को आम निर्वाचनपछि रास्वपामा लागेका उनी उक्त पार्टीको रुकुम जिल्ला सभापति भए ।

त्यसअघि उनी माओवादीमै थिए। माओवादीको आधारभूमि रुकुम पश्चिममा उनले पार्टीको संगठन निर्माणमा अग्रसर भूमिका खेलेका छन् । गत फागुनमा उनी प्रतिनिधि सभा चुनाव लडे पनि पराजित भए । उहा इन्जिनियर, पढेलेखेको युवा हुनुहुन्छ, साथै रास्वपा सभापतिको निकट व्यक्ति भएकाले पनि उहााको सम्भावना बलियै छ, रास्वपाका एक नेताले भने । शाहीले सकेसम्म सर्वसम्मत मै हुने नभए चुनावै लडेर भए पनि सभापति बन्ने तयारी गरेको उनी निकट स्रोत बताउंछ ।

यस्तै, रुकुम पश्चिमकै बौद्धिक युवा प्रेम बोहोरालाई पनि सम्भावित बलियो आकात्क्षीका रुपमा हेरिएको छ । उनी यसअघि प्रतिनिधि सभा चुनावमा रास्वपाबाट खस आर्यतर्फ बन्दसूचीमा परेका थिए ।

प्रेम बोहोरा कर्णालीमा चर्चित नाम हो। उनले वीरेन्द्रनगरमै एक संस्था चलाउंछन् भने दरुर्जनौं पुस्तकका लेखक पनि हुन् । उनी पहिले माओवादी र त्यसपछि बाबुराम भट्टराईको नयाा शक्ति पार्टीमा आबद्ध थिए ।


## वैदेशिक रोजगारीमा जांदा ध्यान दिऔं ।

- वैदेशिक रोजगारीमा जाँदा सीप सिकेर जाऔं,
- वैदेशिक रोजगारीमा जाँदा अनुमती प्राप्त संस्थाबाट माय जाऔं,
- सामान्य चिनेको व्यक्तिले भनेको आधारमा अवैध मार्गबाट जाने कार्य नगरी,
- अनुमती प्राप्त संस्था मार्फत जाँदा बेवसाइट मार्फत विज्ञापन भए नभएको तथा लट नम्बर हेरी अन्तरवार्ता
- लगाएतका चुनौट प्रकृयाबाट मात्र जाऔं,
- बैदेशिक रोजगारीका लागि शुल्क बुझाउँदा बैंडिङ प्रणालीको प्रयोग गरौं,
- वैदेशिक रोजगारीमा जाँदा अभिमुखीकरण तालिम लिने गरौ,
- भिजिट भिसामा विदेशमा गएर काम नगरी,
- विदेशमा रौंदा मर्यादित, अनुशासित भई उक्त देशको कानून पालना गरी,

**स्वदेशमा पैसा पठाउंदा बैंडिङ माध्यमको प्रयोग गरौं ।**

नेपाल सरकार
विज्ञापन बोर्ड

## चन्द्रपुर नगरपालिकाको अनुरोध

- जन्म दर्ता बालबालिकाको नैसर्गिक अधिकार हो ।
- जन्मेको ३५ दिनभित्र आफनो स्थानीय निकायमा गई दर्ता गरौं ।
- जन्म, मृत्यु, बसाइ–सराइ, विवाह एवं सम्बन्ध विच्छेदका घटना दर्ता गर्नु नागरिकको कर्तव्य हो ।
- जन्म र मृत्यु दर्ताको सूचना परिवारको मुख्य व्यक्तिले र निजको अनुपस्थितिमा परिवारको उमेर पुगेको व्यक्तिले सूचना दिन सक्छन् ।
- बसाइ - सराइ गर्दा व्यक्ति आफु मात्र बसाइ सरी गए व्यक्तिले परिवार नै बसाइ सरी गए परिवारको मुख्य व्यक्तिले दर्ता गर्नु पर्छ ।
- विवाहको सूचना पति र पत्नी दुबैले दिनु पर्छ ।
- सम्बन्ध विच्छेदको सूचना अदालतको निर्णय सहित पति वा पत्नीले दिन सक्छन्।
- सबैको व्यक्तिगत घटना दर्ता गरौं, गराऔं ।
- सामाजिक सुरक्षा भत्ता पाईरहेका व्यक्तिले नागरिकताका साथ सम्पर्क गरी सम्बन्धित बैंक मार्फत तोकिएको समयभित्र अनिवार्य पमा भत्ता बुझि लिऔं
- प्रत्येक वर्ष श्रावण १ देखि मंसिर १५ गतेभित्र सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीह नयााले निवेदन दिऔं र पुराना भत्ता खाईरहेका व्यक्तिह ले अनिवार्य रुपमा नवीकरण गरौं ।
- सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीह ले आफनो नाम भत्ता खाने लिस्टमा छ छैन, प्रत्येक श्रावण महिनामा आ–आफ्नो वडा कार्यालयमा गई बुझौं र ढुक्क होऔं ।
- नगरपालिकाद्वारा संचालित नियमित सरसफाइ अभियानमा सहभागी बनौं ।
- जथाभावी पार्किंग नगरी तोकिएको स्थानमा मात्र पार्किंग गरौं ।
- नगरपालिकाको अनुमति लिएर मात्र घर निर्माणको काम गरौं ।
- नगरपालिकाद्वारा सम्पादन हुने सेवा प्रवाह र विकास व्यवस्थापन सम्बन्धी कुनै गुनासो भएमा वडा अध्यक्ष एवं नगरप्रमुख, उपप्रमुख, अन्य विषयगत शाखा प्रमुख समक्ष राखौं ।

**चन्द्रपुर नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
चन्द्रपुर, रौतहट